आज मिति २०७९ साल आश्वीन महिनाको ४ गते मंगलवारका दिन उदयपुरगढी गाँउपालिकाका अध्यक्ष श्री मान बहादुर केप्छाकी मगरको अध्यक्षतामा बसेको कार्यपालीकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा निम्नानुसारको प्रस्तावहरु छलफल तथा निर्णयहरु गरियो ।

**उपस्थिती :**

| क.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मान बहादुर केप्छाकी मगर | गाउपालिका अध्यक्ष | |
| २ | जित बहादुर खडका | गाउपालिका उपाध्यक्ष | |
| ३ | दिल बहादुर राना मगर | वडा अध्यक्ष | |
| ४ | ईन्द्र बहादुर राउत | वडा अध्यक्ष | |
| ५ | मनोज कुमार कार्की | वडा अध्यक्ष | |
| ६ | राम बहादुर घले मगर | वडा अध्यक्ष | |
| ७ | कुमार अधिकारी | वडा अध्यक्ष | |
| ८ | कृष्ण बहादुर खत्रि | वडा अध्यक्ष | |
| ९ | भुवन केप्छाकी मगर | वडा अध्यक्ष | |
| १० | थिर बहादुर राउत | वडा अध्यक्ष | |
| ११ | सहेक बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १२ | सरिता कार्की | कार्यपालिका सदस्य | |
| १३ | डिल्लीमाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | मिना कुमारी तामाङ्ग | कार्यपालिका सदस्य | |
| १५ | यसोदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १६ | रमेश राई | प्र.प्र.अ. | |

**सहयोगी :**

१. गुणराज श्रेष्ठ
२. पारस मणि फुयल
३. शेखर वुढाथोकी
४- हरि प्र० कार्की

**प्रस्तावहरु :**

१. अघिल्लो बैठक समिक्षा सम्वन्धमा ।
२. ट्रयाक्टरामिनि ट्रिफर खरिद स्टिमेट सम्वन्धमा ।
३. पुरानो गढी दरवार पुनः संरचना (घोडा, मन्दिर) सम्वन्धमा ।
४. दशैको शुभकामना सम्वन्धमा ।
५. विविध
क) रातामाटे मौवासी दनुवारवेशी सोमवार सडक खण्ड (पुल समेत) सम्बन्धमा
ख) गरिब घर ~~पहिचान~~ परिवार पहिचान परिचयपत्र वितरण सम्बन्धमा
ग) विपद व्यवस्थापन कोष सम्बन्धमा
घ) प्रतिभा सम्मान कोष सम्बन्धमा
(ङ) त्रि.र.पो. र उ.गो.पो. औडरे कुलो खोला कार्य सम्बन्धमा
(च) त्रि.र.पो.लाई फर्निचर दिने सम्बन्धमा

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा अघिल्लो बैठक संख्या ५ को निर्णय अनुसारका कार्यहरु कार्यान्वयन भईरहेको व्यहोरा जानकारी भयो ।

२. प्रस्ताव नं २ माथी छलफल गर्दा आ.व. २०७९।८० को गाउँ सभाबाट ट्याक्टर खरिद गर्ने भनि पास गरेकोमा कार्यालयको काम तथा आवश्यकता समेतलाई मध्यनजर गर्दै मिनि ट्रिपर खरिद गर्न हिउँदे सभाबाट शिर्षक परिवर्तन स्विकृत गर्ने गरि मेकानीकल ईन्जीनियरीङ्ग स्पेशिफिकेशनको प्रकृया अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

✓३. प्रस्ताव नं ३ माथी छलफल गर्दा हाल निर्माणाधिन रहेको पुरानो गढी दरवारको मन्दिरलाई पुरातात्वीक झल्को दिनेगरि छाना झिंगटी/ढुंगाको र मन्दिरको वाल ढुंगाको वनाउन तथा घोडाको आकार प्राकृतिक नदेखिएको हुँदा त्यसलाई हटाई प्राकृतिक रुपमा देखीने घोडा निर्माण गर्न ठेकेदार कम्पनीलाई पत्राचार तथा निर्देशन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ मा २०७९ सालको विजया दशमीको शुभकामना आदान प्रदान गरियो ।

✓५. प्रस्ताव नं. ५ विविध क माथी छलफल गर्दा रातमाटे मौवासी दनुवारवेसी सोमवारे सडक खण्ड (पुल) समेतको योजनाको लागि संघीय सरकारको भौतीक पुर्वाधार तथा यातायात मन्त्रालय (योजना अनुगमन तथा मुल्याँकन महाशाखा) को च. नं. १५३१ मिति २०७७।१।१२ को पत्रानुसारको श्रोत सुनिश्चितता सहित सहमतीका लागि संघीय भौतीक पुर्वाधार तथा यातायात मन्त्रालय र प्रदेश भौतीक पुर्वाधार मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ५ विविध ख माथी छलफल गर्दा गरिव घर परिवार पहिचान परिचय पत्र वितरणका लागि संघीय भुमी व्यवस्था,सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट प्राप्त गरिव घर पहिचान परिचयपत्र वडा कार्यालयको समन्वयमा वितरण गर्ने निर्णय गरियो ।

✓ ७. प्रस्ताव नं. ५ विविध ग माथी छलफल गर्दा विपद व्यवस्थापन कोषमा भएको रकम तपसिल अनुसारको बाँडफाँड गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| राहत वितरण | : | रु ९,००,०००।०० |
| नदि कटान तथा पहिरो नियन्त्रणका लागि जनशक्ति परिचालन | : | रु ६,००,०००।०० |

✓८. प्रस्ताव नं. ५ विविध घ माथी छलफल गर्दा मर्मत संभार कोषमा भएको रकम तपसिल अनुसारको बाँडफाँड गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| बाटो हेरालु/विद्युत हेरालुको पारीश्रमीक | : रु. ४,००,०००।०० |
| पालिका भरिको झाडी सरसफाई | : रु. १,५०,०००।०० |
| सार्वजनिक सम्पत्ती तथा बाटो मर्मत तथा सम्भार | : रु. ४,५०,०००।०० |

✓९. प्रस्ताव नं. ५ विविध ङ माथी छलफल गर्दा उदयपुरगढी गाउँपालिकाको वडा नं. ७ र त्रियुगा न.पा. जोडने ककनी खोलामा कल्भर्ट निर्माण गर्नको लागि त्रियुगा नगरपालिका र यस गाउँपालिकाको लागत साझेदारीमा निर्माण गर्न रु. १२,००,०००।०० (अक्षरुपि रु. वाह्र लाख मात्र) यस गाउँपालिकाको अल्या रकमबाट सभाले अनुमोदन गर्ने गरि साझेदारी श्रोत सुनिश्चीतता गर्ने र आयोजना सम्पन्न पश्चात उल्लेखीत रकम त्रियुगा नगरपालिकाको विविध कोषमा योजना कार्यान्वयन, लेखा परिक्षण र प्रतिवेदन समेत गर्नेगरि निकासा दिने र बाँकी अपुग रकम त्रियुगा न.पा.ले व्यहोर्नको लागि पत्राचार गर्ने निर्णय गरियो ।

✓१०. प्रस्ताव नं. ५ विविध च माथी छलफल गर्दा जलजले, मोहनपुर, तोरीवारी, कालीखोला, विरालीटार, हाडेवास नामाङ्करण भई संघीय सरकारवाट वहुवर्षिय योजना स्विकृत भएकोमा उक्त नामहरु त्रियुगा नगरपालिका र उदयपुरगढी गा.पा. मा परेकोले उक्त योजनाको संशोधनका लागि त्रियुगा नगरपालिकालाई समेत अनुरोध गर्ने निर्णय गरियो ।

CamScanner